# स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिम व्यवस्थापिका-संसद्को हैसियतमा संविधान सभाले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) ऐन, २०७१" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६ मा संशोधनः स्थानीय स्वायत्त शासन ऐन, २०५५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को उपदफा (१) मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएकोछ ।

३. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएकोछ :-

"७. वडा समितिको गठनः (१) गाउँ विकास समितिको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले दफा १० बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट निर्वाचित गरेका देहाय बमोजिमका वडाध्यक्ष र वडा सदस्यहरु रहने गरी एक वडा समिति गठन हुनेछ :-

(क) एकजना वडाध्यक्ष,

(ख) दुईजना महिला वडा सदस्यहरु, र

(ग) दुईजना वडा सदस्यहरु ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वडामा प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका व्यक्तिको संख्या पचासभन्दा कम भएमा वडाध्यक्ष सहित एकजना महिला वडा सदस्य र एकजना वडा सदस्य भएको वडा समिति गठन हुनेछ ।"

४. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेका "महिला वडा सदस्य" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) गाउँ विकास क्षेत्रभित्रका समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, आदिवासी, जनजाति, मधेशी, दलित तथा अपाङ्ग मध्ये गाउँ परिषद् मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा १०

बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट गाउँ परिषद्द्वारा मनोनीत कम्तीमा दुई जना महिलासहित छ जना सदस्यहरु ।”

५. <u>मूल ऐनको दफा ६९ मा संशोधनः</u> मूल ऐनको दफा ६९ को उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

"(१) जिल्ला विकास समितिले गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण चौमासिक रुपमा गर्नु पर्नेछ ।

(२) गाउँ विकास समितिको आय र व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।”

६. <u>मूल ऐनको दफा ७४ मा संशोधनः</u> मूल ऐनको दफा ७४ को उपदफा (१) मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएकोछ ।

७. <u>मूल ऐनको दफा ७५ मा संशोधनः</u> मूल ऐनको दफा ७५ को खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन् :-

"(ख) दुईजना महिला वडा सदस्यहरु, र

(ग) दुईजना वडा सदस्यहरु ।”

८. <u>मूल ऐनको दफा ७६ मा संशोधनः</u> मूल ऐनको दफा ७६ को उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेका “महिला वडा सदस्य” भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएकोछ :-

"(ग) नगरपालिका क्षेत्रभित्रका समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, आदिवासी, जनजाति, मधेशी, दलित तथा अपाङ्ग मध्ये नगर परिषद् मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा ७८ बमोजिम नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट नगरपालिकामा कायम रहेका वडा संख्याको दुई तिहाईका दरले नगर परिषद्द्वारा मनोनीत छ जनामा नघटाई बढीमा बीस जना ।

तर त्यसरी मनोनीत हुने व्यक्तिहरुमध्ये कम्तीमा चालीस प्रतिशत महिला हुनु पर्नेछ ।”

९. <u>मूल ऐनको दफा १३५ मा संशोधनः</u> मूल ऐनको दफा १३५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) नगरपालिकाको आय र व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।”

१०. <u>मूल ऐनको दफा १७२ मा संशोधनः</u> मूल ऐनको दफा १७२ को उपदफा (२) को खण्ड (ङ) सट्टा देहायको खण्ड (ङ) राखिएकोछ :-

"(ङ) जिल्लाभित्रका समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाति, आदिवासी, जनजाति, मधेशी, दलित तथा अपाङ्ग मध्ये जिल्ला परिषद् मा प्रतिनिधित्व हुन नसकेका वर्गका दफा १७४ बमोजिम जिल्ला परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट ईलाका संख्याको दुई तिहाईको दरले जिल्ला परिषद्द्वारा मनोनीत कम्तीमा छ जना ।

तर त्यसरी मनोनित हुने व्यक्तिहरुमध्ये कम्तीमा चालीस प्रतिशत महिला हुनु पर्नेछ ।"

११. <u>मूल ऐनको दफा २३८ मा संशोधनः</u> मूल ऐनको दफा २३८ को उपदफा (१) को खण्ड (क) मा रहेका "नेपाल अधिराज्यको संविधान, २०४७" भन्ने शब्दहरुको सट्टा "नेपालको अन्तरिम संविधान, २०६३" भन्ने शब्दहरु राखिएका छन् ।

१२. <u>मूल ऐनको दफा २४१ मा संशोधनः</u> मूल ऐनको दफा २४१ को,-

(१) उपदफा (१) को,-

(क) खण्ड (ख) मा रहेका "स्थानीय विकास मन्त्री" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (ग) र (ङ) मा रहेका "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "व्यवस्थापिका-संसद्" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) खण्ड (ञ) मा रहेका "प्रतिनिधि सभा" भन्ने शब्दहरुको सट्टा "संविधान सभा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (६) को खण्ड (क) मा रहेका "स्थानीय विकास मन्त्री" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री" भन्ने शब्दहरु राखिएका छन् ।

१३. <u>रुपान्तरः</u> मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएका छन् :-

(१) "प्रतिनिधि सभा र राष्ट्रिय सभा", "प्रतिनिधि सभा वा राष्ट्रिय सभा" र "राष्ट्रिय सभा" भन्ने शब्दहरुको सट्टा "संविधान सभा" ।

(२) "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय" ।

# स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक, २०७०

प्रस्तावना : स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसद्को हैसियतमा संविधानसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "स्थानीय स्वायत्त शासन (पहिलो संशोधन) ऐन, २०७०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६ मा संशोधन:** स्थानीय स्वायत्त शासन ऐन, २०५५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

३. **मूल ऐनको दफा ७ मा संशोधन:** मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **वडा समिति गठन :** गाउँ विकास समितिको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले दफा १० बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट निर्वाचित गरेको देहाय बमोजिमका वडाध्यक्ष र वडा सदस्यहरु रहने गरी एक वडा समिति गठन हुनेछ :-

(क) एक जना वडाध्यक्ष

(ख) दुई जना महिला वडा सदस्य र

(ग) दुई जना वडा सदस्यहरु

तर कुनै वडामा प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका व्यक्तिको संख्या पचासभन्दा कम भएमा वडाध्यक्षसहित एक जना महिला सदस्य र एक जना वडा सदस्य भएको वडा समिति गठन हुनेछ ।"

४. **मूल ऐनको दफा ८ मा संशोधन:** मूल ऐनको दफा ८ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) गाउँ विकास क्षेत्रभित्रका दुई जना महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाती, आदिवासी जनजाति, मधेशी, दलित, अल्पसंख्यक समुदाय, विपन्न, गरिब, मजदुर, किसान, अपाङ्ग, पिछडिएको वर्ग र क्षेत्र समेट्ने गरी गाउँ

परिषद्मा प्रतिनिधित्व हुन नसकेका अन्य वर्गका दफा १० बमोजिम गाउँ परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट गाउँ परिषद्द्वारा मनोनित छ जना सदस्यहरु । "

५. **मूल ऐनको दफा ६९ मा संशोधनः** मूल ऐनको दफा ६९ को उपदफा (१) र (२) को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन् :-

"(१) गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिको कार्यालयले चौमासिक रुपमा गर्नुपर्नेछ ।

(२) गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुनेछ । त्यस्तो लेखापरीक्षण गर्न महालेखापरीक्षकले नभ्याउने भएमा प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरुलाई महालेखापरीक्षकले सहायकको रुपमा नियुक्त गर्न सक्नेछ ।"

६. **मूल ऐनको दफा ७४ मा संशोधनः** मूल ऐनको दफा ७४ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ ।

७. **मूल ऐनको दफा ७५ मा संशोधनः** मूल ऐनको दफा ७५ को सट्टा देहायको दफा ७५ राखिएको छ :-

"**७५. वडा समिति गठन :** नगरपालिकाको प्रत्येक वडाका प्रचलित कानून बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरुले दफा ७८ बमोजिम नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरुमध्येबाट निर्वाचित गरेका देहायबमोजिमका वडाध्यक्ष र वडा सदस्यहरु रहने गरी एक वडा समिति गठन हुनेछ :-

(क) एक जना वडाध्यक्ष

(ख) दुई जना महिला वडा सदस्य र

(ग) दुई जना वडा सदस्यहरु"

८. **मूल ऐनको दफा ७६ मा संशोधनः** मूल ऐनको दफा ७६ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) नगरपालिका क्षेत्रभित्रका महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाती, आदिवासी जनजाति, मधेशी, दलित, अल्पसंख्यक समुदाय, विपन्न, गरिब, मजदुर, किसान, अपाङ्ग, पिछडिएको वर्ग र क्षेत्र समेट्ने गरी नगर परिषद्मा प्रतिनिधित्व हुन नसकेका अन्य वर्गका दफा ७८ बमोजिम नगर परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट नगरपालिकामा कायम वडा संख्याको दुई तिहाईका दरले नगर परिषद्द्वारा मनोनित कम्तीमा छ जना र बढीमा बीस जना व्यक्तिहरु ।

तर त्यसरी मनोनित हुने व्यक्तिहरु मध्ये कम्तीमा चालीस प्रतिशत व्यक्तिहरु महिला हुनुपर्नेछ।"

९. **मूल ऐनको दफा १३५ मा संशोधनः** मूल ऐनको दफा १३५ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) नगरपालिकाको आय र व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुनेछ । त्यस्तो लेखापरीक्षण गर्न महालेखापरीक्षकले नभ्याउने भएमा प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरुलाई महालेखापरीक्षकले सहायकको रुपमा नियुक्त गर्न सक्नेछ ।"

१०. **मूल ऐनको दफा १७१ मा संशोधनः** मूल ऐनको दफा १७१ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ ।

११. **मूल ऐनको दफा १७२ मा संशोधनः** मूल ऐनको दफा १७२ को (१) उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

"(ङ) जिल्लाभित्रका महिलासहित समाजसेवी, आर्थिक तथा सामाजिक दृष्टिकोणले पिछडिएका जाती, आदिवासी जनजाति, मधेशी, दलित, अल्पसंख्यक समुदाय, विपन्न, गरिब, मजदुर, किसान, अपाङ्ग, पिछडिएको वर्ग र क्षेत्र समेट्ने गरी नगर परिषद्मा प्रतिनिधित्व हुन नसकेका र कम प्रतिनिधित्व भएका वर्गका दफा १७४ बमोजिम जिल्ला परिषद्को सदस्यको लागि चाहिने योग्यता पुगेका व्यक्तिहरु मध्येबाट इलाका संख्याको दुई तिहाई सदस्य हुने गरी जिल्ला परिषद्द्वारा मनोनित कम्तीमा छ जना व्यक्तिहरु ।

तर त्यसरी मनोनित हुने व्यक्तिहरु मध्ये कम्तीमा चालीस प्रतिशत व्यक्तिहरु महिला हुनुपर्नेछ ।"

१२. **मूल ऐनको दफा २३८ मा संशोधन :** मूल ऐनको दफा २३८ को उपदफा (१) को खण्ड (क) मा रहेका “नेपाल अधिराज्यको संविधान, २०४७” भन्ने शब्दहरुको सट्टा “नेपालको अन्तरिम संविधान, २०६३” भन्ने शब्दहरु राखिएका छन् ।

१३. **रुपान्तर :** मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ :-

(क) "प्रतिनिधि सभा सदस्य र राष्ट्रिय सभा सदस्य" को सट्टा "संविधानसभा सदस्य/व्यवस्थापिका संसद्को सदस्य",

(ख)  "स्थानीय विकास मन्त्रालय" को सट्टा "सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय"।

# परिवर्तनका लागि प्रस्ताव गरिएका मुख्य व्यवस्थाहरु

**प्रस्तावना :**

सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्न जनता थप गरिएको ।

स्थानीय स्वायत्त शासन सम्बन्धी निकायलाई अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित, संगठित र आवधिक निर्वाचनको माध्यमद्धारा स्वायत्त संस्थाको रुपमा स्थापित गर्न आदि ।

**परिभाषा :**

स्थानीय निकायको सट्टा स्थानीय स्वायत्त शासन सम्बन्धी निकाय राखिएको ।

**वडा समिति**

एक जना महिला वडा सदस्यको सट्टा दुई जना वडा सदस्य राखिएको । (गा.वि.स. र न.पा.)

(गा.वि.स.को वडाको हकमा पचासभन्दा कम मतदाता भएका वडामा वडाध्यक्षसहित एकजना महिला र एकजना सदस्य रहेको वडा समिति गठन हुने व्यवस्था प्रस्ताव गरिएको ) ।

**नगर र जिल्ला परिषद्**

एकजना महिलाको सट्टा कम्तीमा चालीस प्रतिशत व्यक्तिहरु भन्ने व्यवस्था प्रस्ताव गरिएको ।

**लेखापरीक्षण**

गा.वि.स. र नगरपालिकाको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकद्धारा हुने व्यवस्था प्रस्ताव गरिएको ।

**उपाध्यक्ष, उपप्रमुख र उपसभापतिको काम, कर्तव्य र अधिकार**

सुपरीवेक्षण र अनुगमन समितिको अध्यक्ष हुने र गैरसरकारी संस्थाबाट भएका कामको सहजीकरण गर्ने ।

**सुपरीवेक्षण र अनुगमन समिति**

सम्बन्धित जिल्लाको सांसद्को अध्यक्षताको सट्टा जिल्ला विकास समितिको उपसभापति अध्यक्ष रहने व्यवस्था प्रस्ताव गरिएको ।

**अन्तर स्थानीय निकाय संयुक्त समिति**

आ-आफ्नो क्षेत्रमा सञ्चालन हुने कार्यक्रमलाई दोहोरो पर्न नदिई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न आपसी सहमतीमा अन्तर स्थानीय निकाय संयुक्त समिति गठन गर्न सक्ने व्यवस्था प्रस्तावित ।

**सिमाना हेरफेर**

निर्वाचन हुने सालभन्दा एकवर्ष अघि सिमाना हेरफेर हुनु पर्ने व्यवस्था झिकिएको आदि ।